लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला

प.स :-२०७६/०७७

च.न.

मिति :- २०७६।१२।११

## सेवा प्रवाह स्थगित गरिएको सम्बन्धमा ।

**श्री सरोकारवाला सबै**
**लेकम गाउँपालिका ।**

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय दार्चुलाको प.स.२०७६।०७७,मिति २०७६।१२।१० को जिल्ला प्रशासन कार्यालय दार्चुलाद्वारा जारी गरिएको आदेशानुसार विश्व भरि फैलिरहेको नोबल कोरोना भाईरस (कोभिड -१९) को उच्च जोखिमलाई मध्य नजर गर्दै यसको संम्भावित संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रण र यसको संक्रमण फैलिन नदिनका लागी **नेपाल राजपत्रमा तोकिएको अत्यावश्यक सेवाहरु जस्तै डाँक,तार वा टोलिफोन संचार सेवा,विद्धुत सेवा ,बैकिङ सेवा,आन्तरिक सुरक्षासंग सम्बन्धित सेवा ,औषधि पसल,खाद्ध्यान्न ,फलफुल तथा तरकारी ,अस्पताल तथा स्वास्थ्य केन्द्र सम्बन्धी सेवा ,मालसमान ओसार पसार गर्ने ,ढुवानीका यातायात,खानेपानी संचालन तथा वितरण,पेट्रोलियम पदार्थको ढुवानी भण्डारण र वितरण,फोहोरमैला संकलन तथा ढुवानी आदी जस्ता अत्यावश्यक सेवाहरु वाहेकका अन्य सेवा/स्थलहरु बाट हुने सेवा प्रवाह** मिति २०७६।१२।११ गतेदेखि अर्को आदेश नभएसम्मको लागी स्थगित गरिएको व्यहोरा सुचित गरिन्छ । साथै संम्भावित संक्रमणबाट जोगिन सबै प्रकारका भोजभतेर,भेला,सभा सम्मेलन,सेमिनार,गोष्ठी,पारिवारिक तथा सामाजिक जमघट र भेटघाट लगायतका कार्यक्रम नगर्न/नगराउन हुन लेकम गाउँपालिका सबैमा हार्दिक अनुरोध गर्दछ ।

नारायण दत्त भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

परमानन्द जोशी
गाउँपालिका अध्यक्ष

परमानन्द जोशी
गाउँपालिका अध्यक्ष

email :lekam.rmun@gmail.com

Website:www.lekammun.gov.np